# तीसौं साधारण सभा

एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

मितिः २०७८ फाल्गुन १० गते मङ्गलबार

**३० औं साधारण सभाका लागि नोमिनेसन कमिटिको सर्कुलर - १**

**Nomination's Committee's 3oth AGM Circular -1**

**विषय : एम्नेस्टी इन्टरनेसनल नेपालको नेसनल बोर्ड र पुनरावेदन समितिको निर्वाचनका लागि उम्मेदवारीसम्बन्धी इच्छापत्र आह्वान गरिएको सम्बन्धमा ।**

एम्नेस्टी इन्टरनेसनल नेपालको आगामी ३० औं साधारण सभामा सम्पन्न हुन गइरहेको नेसनल बोर्ड र पुनरावेदन समितिका विभिन्न पदहरूमा हुने निर्वाचनका लागि आजैका मितिदेखि उम्मेदवारी आह्वान गरिएको व्यहोरा एम्नेस्टी नेपालमा आबद्ध सबै समूह, युथ नेटवर्क र समर्थक सदस्यहरूलाई यसैसाथ सूचित गरिन्छ । एम्नेस्टी नेपालको बोर्ड र पुनरावेदन समितिका विभिन्न पदहरूमा निर्वाचनका लागि उचित, उपयुक्त र योग्य उम्मेदवारहरूको खोजी गरी निर्वाचित हुन चाहने धेरै भन्दा धेरै इच्छुकहरूको सूची तयार गरी तिनको योग्यता र अयोग्यतासम्बन्धमा अध्ययन गरी यस नोमिनेसन कमिटिले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) को दफा १०.१ (ग) मा उल्लिखित कार्यादेशबमोजिम आफ्नो कामकारबाही सम्पन्न गर्ने व्यहोरा यसैसाथ अवगत गराइन्छ ।

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) को दफा १०.१ (ख) बमोजिमको नेसनल बोर्ड अध्यक्ष (एक जना), कोषाध्यक्ष (एक जना), तीन जना महिला सदस्य, दुई जना युवा सदस्य (कम्तिमा एकजना महिलासहित) र चार जना खुला सदस्य पद तथा दफा ११ बमोजिमको पुनरावेदन समिति संयोजक र एक महिलासहित दुई सदस्य पदमा उम्मेदवारीका लागि इच्छापत्र दर्ता गर्न इच्छुक सबैलाई यसैसाथ अनुरोध गरिन्छ ।

यसरी इच्छापत्र जाहेर गर्न इच्छुक समूह तथा युथ नेटवर्कका सदस्यहरूले आफू आबद्ध रहेको समूह वा युथनेटवर्कसमेतको प्रतिनिधित्व गर्दै नेसनल बोर्ड वा पुनरावेदन समितिमा उम्मेदवारी दिनका लागि आफ्नो समूह वा युथनेटवर्कद्वारा सिफारिस गरिएको पत्र अनिवार्य रूपमा राख्नुपर्नेछ । समर्थक सदस्यहरूको हकमा यो प्रावधान लागू हुने छैन ।

३० औं साधारण सभामा सहभागिताका लागि योग्य ठहरिएका समूह र युथ नेटवर्कहरूबाट प्राप्त भएको उम्मेदवारी मनोनयनसम्बन्धी सिफारिसलाई मात्र मान्यता प्रदान गरिनेछ । अन्य इच्छापत्रका सवालमा नोमिनेसन कमिटिले अध्ययन गरी एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) को भावना र मर्मलाई आत्मसात गर्दै आवश्यक निर्णय लिनेछ ।

इच्छा पत्रको साथ बढीमा एक पेजमा समावेश हुनेगरी आफ्नो व्यक्तिगत विवरण (Curriculum Vitae) अनिवार्य रूपमा समावेश गरिएको हुनुपर्नेछ । यसका अतिरिक्त नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एम्नेस्टी नेपालले दिएको परिचयपत्रको प्रतिलिपि, तोकिएको फर्म्याटमा पूर्णरूपमा भरिएको नोमिनेसन फारम, तोकिएको फर्म्याटमा समूहद्वारा प्रदान गरिएको सिफारिस पत्र, व्यक्तिगत विवरण (Curriculum Vitae) मा उल्लेख गरिएअनुसारको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि लगायतका अन्य सपोर्टिङ्ग कागजातहरू संलग्न गरी मिति **२०७८ फाल्गुन २० गते शुक्रबार साँझ ५ बजेभित्र** एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयमा भौतिक रूपमा उपस्थित भई दर्ता गर्नुपर्ने छ वा तोकिएको इमेल ठेगाना nomination@amnesty.org.np मा उल्लिखित फारमलगायतका सबै दस्तावेजहरूलाई

स्पष्ट रूपमा बुझिने तवरमा स्क्यान गरी मिति **२०७८ फाल्गुन २० गते शुक्रबार साँझ ५ बजेभित्र** उक्त ठेगानामा आइपुग्नेगरी पठाइसकेको हुनुपर्ने छ । तोकिएको समयपछि प्राप्त भएका र तोकिएको इमेल ठेगानामा रितपूर्वक नपठाइएका आवेदनहरूलाई मान्यता दिइने छैन ।

योग्य, दक्ष, राम्रो नेतृत्व क्षमता भएका, मानवअधिकारका मूल्य, मान्यता र दर्शनबाट प्रेरित भई तिनलाई व्यवहारमा आत्मसात गर्ने तथा वर्तमान नेसनल बोर्ड र अन्तर्राष्ट्रिय सचिवालयसँग भएको समझदारी पत्रअनुरूप एम्नेस्टी नेपालको जारी गभर्नेन्स रिफर्म प्रकृयाको पूर्ण स्वामित्व लिई बाँकी रहेका रिफर्मका एजेण्डाहरूलाई अगाडि बढाई एम्नेस्टी नेपाललाई थप नयाँ उचाईमा पुर्याउन योगदान दिनसक्ने "भिजन" र दक्षता भएका व्यक्तिहरूलाई उम्मेदवारी प्रकृयामा संलग्न हुन आह्वान गरिन्छ ।

प्राप्त उम्मेदवारीसम्बन्धी आवेदनहरूलाई एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) को दफा १०.२ को प्रावधान र नोमिनेसन कमिटिले तय गर्ने कम्पिटिन्सी फ्रेमवर्कका आधारमा निर्णय गरीने पनि यसै साथ जानकारी गराइन्छ ।



धन्यवाद,
शम्भु ठाकुर
संयोजक, नोमिनेसन कमिटि, एम्नेस्टी इन्टरनेसनल नेपाल